# खाँडादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
माकादुम,रामेछाप

३ नं. प्रदेश,नेपाल

## आन्तरिक कर ढुंगा, गिटी ,वालुवा उत्खनन, संकलन तथा निकासी सम्बन्धि वोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशितः मिति २०७५/०६/२९ गते)**

स्थानीय सरकार संचालन ऐन, २०७५ को परिच्छेद-३ को दफा ११ को उपदफा ध को ६ मा भएको व्यवस्था अनुसार यस गाउँपालिकाको मिति २०७५/६/२३ गते वसेको गाउँ कार्यपालिकाको वैठक तथा राजस्व परामर्श समितिको मिति २०७५/०६/२५ गते बसेको बैठकको निर्णयले आई.ई.ई प्रतिवेदनमा उल्लेखित परिमाणको आधारमा गिटी ,वालुवा ,ढुंगा, उत्खनन, संकलन तथा निकासी गरी आन्तरिक कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले स्थायी लेखा नम्बर पान लिएका इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपशिल बमोजिमको शर्तहरुको आधीनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र शिलवन्दी वोलपत्र पेश गर्नुहुन सार्वजनिक आव्हान गरिएको छ ।

**गिटी, वालुवा, ढुंगाको लागिः**

| ठेक्का नं. | ठेक्काको क्षेत्र | न्यूनतम वोल कवोल रकम (भ्याट बाहेक रकम) | उत्खनन् /संकलन प्रति क्यु फिट (भ्याट बाहेक) | निकासी/बिक्रि प्रति क्यु फिट (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १/०७५/७६ | लुभुघाट - सित्खा | **१,८०,००,०००/-** | ३/- | ६/- |
| २/०७५/७६ | सित्खा - बेनिघाट | **५०,००,०००/-** | ३/- | ६/- |
| ३/०७५/७६ | बेनिघाट - तामाकोशी - भटौली | **८०,००,०००/-** | ३/- | ६/- |

**शर्त तथा बन्देजः**

१. इच्छुक योग्य वोलपत्रदाताहरुले रु.३,०००।- (तिनहजार मात्र) दस्तुर पछि फिर्ता नहुने गरी नगदै वुझाई नगदी रसिद वा खाँडादेवी गाउँपालिका कार्यालयमा नगदै पेश गरेको बैंक भोचरको साथ आ.व २०७५/०७६ को लागि नवीकरण भएको इजाजत पत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आ.व २०७४/०७५ को कर चक्ता गरिएको प्रमाणको प्रतिलिपि, कालो सुचीमा नपरेको भनि घोसणा गरिएको पत्र, नेपाल सरकारको अधिकृत वा नोटरी पव्लिकवाट प्रमाणित गरिएको कागजात संकलन राखी वोलपत्र उपलब्ध गराउन यस कार्यालयमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय सम्ममा लिखित निवेदन दिएर वोलपत्र पुस्तिका खरिद गर्न सकिनेछ ।

२. खरिद भएको वोलपत्रको प्रत्येक पानामा सहीछाप र शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम नम्बर लेखी सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको ठिक १२:०० वजेसम्म खामवन्दी गरी यस कार्यालयमा दर्ता गरी पेश गर्नुपर्नेछ । तोकिएको समयमा दर्ता हुन आएका फर्महरु सोही दिनको २:०० वजे फर्महरुको प्रनिनिधि सहित यस गाउँपालिकाको पदाधिकारी र सरकारी कार्यालयको प्रतिनिधि सहितको उपस्थितिमा कार्यालयमा खोलिनेछ । तर फर्मको प्रतिनिधि वा फर्मवाला आफै उपस्थिति हुन नसकेमा वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३. ठेक्का लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम यस कार्यालयको नाममा लक्ष्मी बैंक, गोगनपानी शाखामा रहेको धरौटी खाता **नं.०८५११०००८५** मा जम्मा गर्नुपर्नेछ वा आधिकारिक वाणिज्य वैंकको १२० दिन वरावरको वैंक ग्यारेन्टीलाई समेत मान्यता दिइनेछ ।

४. शिलवन्दी वोलपत्र फारममा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दर रेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५. ढुंगा, गिट्टी, वालुवा उत्खनन र संकलन गर्ने र तोकिएको स्थानमा घाटगद्धी गरी नापजाँच गरी लैजाने व्यवस्था गाउँपालिका कार्यालयको निर्देशन वमोजिम हुनेछ ।

६. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खाँडादेवी गाउँपालिकामा निहित रहनेछ ।

७. खाँडादेवी गाउँपालिकाले अनुगमन गर्दा कानुन र मापदण्ड बमोजिम नपाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

८. ठेकेदारले कबोल गरेको रकम दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता सम्झौता गर्दा ५० प्रतिसत रकम आग्रिम रूपमा बुझाउनु पर्नेछ भने दोस्रो किस्ता ५० प्रतिसत बापतको रकम चैत्र मसान्त भित्र बुझाई सक्नुपर्नेछ । .एकमुष्ट रकम बुझाइएमा नियमानुसार १० प्रतिशत छुट प्राप्त हुनेछ ।

९. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा कार्यालय र ठेकेदार वीच कुनै विवाद भएमा गाउँपालिकाको निर्णय आन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१०.ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजवाट असुल हुन वाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई वाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो रकम पनि पूर्व ठेकेदारवाटै सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।

११.ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइनेछैन । बन्द, हडताल, प्राकृतिक प्रकोप जस्ता असामान्य परिस्थिति भए परेमा नेपाल सरकारको नीतिगत निर्णयको आधारमा मात्र निर्णय गर्न सकिनेछ ।

१२.सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सिमा र मापदण्ड भित्रको क्षेत्रमा ढुगा, गिट्टी वालुवा लगायतका कुनै पनि सामाग्री संकलन वा संचय गरी राखन पाइने छैन । साथै ढुगा, गिट्टी वालुवा आदि बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न समेत पाइने छैन ।

१३.जुन वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र तोकिएको समयसम्म मात्र ठेकेदारले संकलन गरेको वस्तुहरु सो क्षेत्रबाट उठाई सक्नु पर्ने छ ।

१४.भू-क्षय तथा नदी नाला प्रवाहको दिशा परिवर्तन हुने गरी र पानीको सतहभन्दा मुनिवाट ढुंगा, गिटी, वालुवा संकलन तथा उत्खनन गर्न पाइने छैन ।

१५.प्रतिवेदनमा उल्लेखित स्थानहरुवाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन गर्नुपर्नेछ, उत्खनन र संकलन गर्दा हाते तथा मेसिन औजार प्रयोग गर्नुपर्नेछ ।

१६.शिलवन्दी दरभाउ पत्र दर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ ।

१७.यसमा उल्लेखित नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१८.यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन, साथै म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१९.यो ठेक्काको अवधि ०७६ असार मसान्तसम्म रहनेछ ।

२०.अन्य कुरा बुझ्न परेमा कार्यालयको टेलिफोन नम्बर ०४४-६९२०९८ र ९८५४०४०१६८,९८५४०४३७४० मा सम्पर्क राख्न सकिनेछ ।

२१.यो सूचना कार्यालयको सुचानापाटी वा यस कार्यालयको website: www.khandadevimun.gov.np मा समेत हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**